# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, फागुन ०१ गते, २०८१ साल (सङ्ख्या १२

## भाग ३

**गण्डकी प्रदेश सरकार**

**आर्थिक मामिला मन्त्रालयको सूचना**

**<u>बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (पहिलो संशोधन) कार्यविधि, २०८१</u>**

**<u>प्रस्तावनाः</u>** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ६ मा संशोधनः</u>** "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ६ को,-

(१) उपदफा (३) मा उल्लिखित "असोज मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "फागुन पन्ध्र गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (१०) मा उल्लिखित "फागुन मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "बैशाख मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन्।

आज्ञाले,
राजेन्द्रदेव पाण्डे
प्रदेश सरकारको सचिव